# सयभन्दा बढी विपन्न परिवारलाई समाजसेवी ध्रुव रिजालद्वारा कम्बल वितरण

**हिमालय टाइम्स**

**सर्लाही, ९ माघ**

नेपाली कांग्रेसका नेता तथा समाजसेवी ध्रुव रिजालले लालबन्दीका १०० भन्दा बढी विपन्न घरपरिवारलाई न्यानो कम्बल वितरण गर्नुभएको छ। समाजसेवी रिजालले आइतबार नेपाली कांग्रेस लालबन्दी-५ मार्फत आफ्नै गाउँ रञ्जितपुर र मेजरगञ्जमा बसोबास गर्ने विपन्न घरपरिवारका नागरिकहरूलाई कम्बल वितरण गर्नुभएको हो।

नेपाली कांग्रेस लालबन्दी-५ का क्षेत्रीय प्रतिनिधिसमेत रहनुभएका रिजाल आफूले कुनै राजनीतिक उद्देश्यका लागि नभएर शीतलहरबाट पीडित नागरिकहरूलाई राहत मिलोस् भन्ने उद्देश्यले कम्बल वितरण गरेको बताउनुभयो।




समाजसेवाको यो अभियान आफ्नै गाउँबाट सुरु भए पनि आउँदा दिनमा नगरका सम्पूर्ण वडाहरू हुँदै अघि बढ्ने आफ्नो लक्ष्य रहेको उहाँले सुनाउनुभयो।

समाजसेवी नेता रिजालसहित नेपाली कांग्रेस लालबन्दी-५ का सभापति मीनप्रसाद ढुंगेल, उपसभापति ज्ञानबहादुर कट्टुवाल, खिलनाथ भण्डारी युवा नेता नारायण गुर्मछाने सचिव सुदीप न्यौपाने, सहसचिव प्रल्हाद बखरेल, क्षेत्रीय प्रतिनिधिहरू कमल चौधरी, हरि धमला, यादव दाहाल, प्रमोद थपलिया, सीता माझी, चित्र कोश्वार, तिर्थ गजमेर, विष्णु पोखरेल लगायतका नेता कार्यकर्ताको उपस्थितिमा कम्बल वितरण गरिएको थियो। कम्बल वितरण कार्यक्रमको सहजीकरण शिक्षक नवराज सुवेदीले गर्नुभएको थियो।

कठ्यांग्रिँदो जाडो र शीतलहरमा न्यानो कम्बल पाएका स्थानीयवासीहरू निकै नै खुसी देखिन्थे। उनीहरूले कार्यक्रमस्थलमै समाजसेवी रिजाललाई धन्यवाद दिएका थिए।

# साउदीमा सामाजिक सञ्जालमा आधारहीन अफवाह फैलाउनेलाई पाँच वर्ष जेल

**एजेन्सी**

**रियाद, ९ माघ**

सामाजिक सञ्जालमा आधारहीन अफवाह फैलाउने व्यक्तिलाई पाँच वर्ष जेल सजाय तोकिने साउदी सरकारले चेतावनी दिएको छ। रियादमा एउटा कन्सर्ट रद्द भएपछि घर जाने क्रममा युवतीहरूमाथि यौन दुर्व्यवहार भएको विवरण सार्वजनिक भइरहेका बेला सरकारको सो चेतावनी आएको हो।

राजधानी रियादनजिकै १४ फेब्रुवरीमा आयोजना गर्ने भनिएको एउटा कन्सर्ट मौसमका कारण अन्तिम समयमा रद्द गरिएको थियो। कार्यक्रम रद्द भएपछि सयौं युवायुवती निराश



मुद्रामा कार्यक्रम स्थलबाट बाहिरिएका थिए।

घर फर्किने क्रममा केही महिला हराएका र केहीमाथि यौन दुर्व्यवहारको धम्की दिइएको विवरण सामाजिक सञ्जालमा सार्वजनिक भएका थिए। उनीहरूमाथि वास्तवमै दुर्व्यवहार भए नभएको विषय अझै प्रष्ट हुन सकेको छैन्। महिलाहरूको सो गुनासोपछि सामाजिक सञ्जालमा अफवाह फैलाउनेलाई जेल हाल्ने सरकारले बताएको हो।

कतिपयले महिलामाथि दुर्व्यवहार नभएको र प्रतिकूल मौसमका कारण कार्यक्रम रद्द गरिएको भन्दै आयोजकको प्रशंसा गरेका छन्। यसैबीच, साउदी मनोरञ्जन निकायकी प्रमुख तुर्की अल शेखले शृंखलाबद्ध ट्विट गर्दै महिलामाथि दुर्व्यवहार भएका विवरण गलत भएको बताउनुभएको छ।

# यमनमा भएको हवाई आक्रमणको राष्ट्रसंघद्वारा निन्दा

**सिन्ह्वा/जेनेभा।** यमनको सादा नामक शहरमा रहेको एक थुना केन्द्रमा भएको हवाई हमलाको संयुक्त राष्ट्रसंघले निन्दा गरेको छ। सो हमलामा परी कम्तीमा पनि एक सयभन्दा बढी व्यक्तिको मृत्यु भएको थियो। शुक्रबार साउदी अबेरियाको नेतृत्वको सैन्य समूहले त्यहाँ हवाई आक्रमण गरेको थियो।

उक्त आक्रमणमा परेर अरू एक सय जना घाइते भएका छन्। घाइतेको नजिकैको अस्पतालमा उपचार जारी छ। शुक्रबार रातिको समयमा जेललगायतका स्थानमा साउदी सेनाले हवाई आक्रमण गरेको थियो। कम्तीमा एक सय जनाको मृत्यु भएको र अरू सय जनाभन्दा बढी घाइते भएका अनुमान गरिएको उद्धारकर्ताले शुक्रबार बताएका हुन्।

सो घटनाको राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटर्रेसले निन्दा गर्नुभएको हो। उहाँले हवाई हमलाबाट थुनामा रहेका व्यक्तिको ज्यान जानु ठूलो अपराध भएको बताउनुभएको हो। यस्ता नागरिक हत्याका कार्य तत्कालै बन्द गर्न उहाँले विज्ञप्तिमार्फत् आग्रह गर्नुभएको छ। यस्ता कार्य निन्दनीय रहेको भन्दै नागरिकको सुरक्षाको उहाँले माग गर्नुभएको छ।

यमनस्थित रेडक्रसको अन्तर्राष्ट्रिय समितिका प्रवक्ता बाशीर उमरले हुथी विद्रोहीको प्रभाव क्षेत्रमा रहेको सादा शहरमा भएको आक्रमणमा धेरै व्यक्ति सख्त घाइते भएका बताउनुभएको छ। इराननिकट मानिने यमनी समर्थित हुथी विद्रोहीहरूले जारी गरेको तस्वीरमा उद्धारकर्मीले ध्वस्त भएका जेल भवनबाट क्षतविक्षत मृत शरीरहरू तानेर थुपार्दै गरेका दृश्य देखिएका छन्। हुथीहरूले संयुक्त अरब इमिरेट्समा हवाइजहाज र क्षेप्यास्त्र आक्रमण गरेको दाबी गरेको पाँच दिनपछि यी हमला भएका छन्। पछिल्ला केही महिनाहरूमा हुथी व्रिद्रोहीहरूलाई लक्ष्य गरेर साउदी अरेबियाको नेतृत्वमा रहेको सैन्य समूहले यमनी आकाशबाट हमला गर्ने गरेको छ। यसबाट हुथी विद्रोहीका साथै सर्वसाधारणको पनि ज्यान जाने गरेको छ।

# कोभिडका कारण न्युजिल्याण्डकी प्रधानमन्त्रीको बिहे रद्द

**वेलिङटन/एजेन्सी।** न्युजिल्याण्डकी प्रधानमन्त्री जसिन्डा आर्डर्नले बढ्दो ओमिक्रोन संक्रमणका कारण आफ्नो बिहे रद्द गरेको जानकारी दिनुभएको छ। उहाँले नियमित पत्रकार सम्मेलनमा आइतबार बिहे कार्यक्रम हाललाई अगाडि नबढ्ने जानकारी दिनुभएको छ। 'कोभिडका कारण मेरो विवाह यसअघि तोकिएको मितिमा नहुने भएको छ,' उहाँले भन्नुभयो। सरकारले विवाहलगायत ठूला जमघट हुने कार्यक्रममा बढीमा एक सयजना मानिस भेला हुन पाउने जनाएको छ। तर, ती सबै जनाले पूर्णखोप लगाएको हुनुपर्छ। आफू महामारीबाट प्रभावित न्युजिल्याण्डका अन्य नागरिक जस्तै प्रभावित भएको उहाँले बताउनुभएको छ। 'महामारीका कारण म पनि अन्य नागरिक जस्तै प्रभावित बनेकी छु', प्रधानमन्त्रीले भन्नुभयो।

आर्डेन र उहाँका लामो समयदेखिका पार्टनर क्लार्क गेफोर्डले अहिलेसम्म आफ्नो विवाहको मिति सार्वजनिक गर्नुभएको छैन। ४१ वर्षीय आर्डेन र उहाँका पार्टनर क्लार्कको तर्फबाट एक सन्तान छन्। केही सातापछि उहाँहरूको विवाह गर्ने कार्यक्रम रहेको न्युजिल्याण्डका सञ्चारमाध्यमले जनाउँदै आएका छन्। न्युजिल्याण्डमा पकछिल्लो समयसम्म १५ हजार १०४ जनामा कोभिड देखिएको छ भने ५२ जनाको मृत्यु भइसकेको छ।


## गुलरिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गुलरिया,बर्दिया**
**लुम्बिनी प्रदेश,नेपाल**

### निशुल्क औषधि तथा सर्जिकल्स सामग्रीहरु खरिद कार्यको शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०७८/१०/१०

**गुलरिया नगरपालिका** बर्दिया मातहतका स्वास्थ्य सस्थाहरुका लागि सशर्त अनुदान बाट बिनियोजित बजेट अन्तर्गत आ.ब.०७८/०७९ का लागि औषधि तथा औषधिजन्य सामाग्रीहरुको खरिद कार्य शिलबन्दी दरभाउपत्र माध्यमबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले सम्बन्धित कार्यसंग मिल्दो उदेश्य तथा कारोबार सम्बन्धि इजाजत प्राप्त इच्छुक उत्पादक कम्पनि र सप्लायर्स फर्महरु बाट निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

**शर्तहरु**

१. यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन** भित्र र सो दिन सार्बजनिक बिदा परेमा सोको भोलि पल्ट सम्म उक्त कार्यका लागि **रु.१०००/(एक हजार मात्र)** का दरले **(पछी फिर्ता नहुने गरि)** दस्तुर दाखिला गरेको नगदी रसिद,अध्यावधिक नबिकरण गरिएको फर्म दर्ता प्रमाण पत्र,मु.अ.कर.मा दर्ता भएको स्थाई लेखा न.(पान न.)दर्ता प्रमाण पत्र र सम्बन्धित आन्तरिक राजश्व कार्यालयको आ.ब.२०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्र लगायतका नोटरी पब्लिक बाट प्रमाणित कागजातहरु १/१/प्रति फोटोकपी सहित **रु.१० को टिकट** टाँसी रित पुर्बकको निबेदन पेश गरि कार्यालय समय भित्र यस कार्यालय बाट शिलबन्दी दरभाउपत्र फारम खरिद गर्न सकिने छ।

२. खरिद भएको शिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१६ दिनको दिउसो १२ बजे** भित्र र सो दिन बिदा परेमा सोको भोली पल्ट सोहि समय भित्र सम्बन्धित कम्पनि फर्म वा सप्लायर्सको आधिकारिक व्यक्तिले स्पस्टसँग भरि दस्तखत गरि कम्पनि वा फर्मको छाप लगाई शिलबन्दी दरभाउपत्र गरि यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। रितपुर्बक दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र हरु **सोहि दिनको २ बजे** देखि शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि तथा कार्यालय प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छन्। शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्ने कार्यमा बाधा पुग्ने छैन।

३. शिलबन्दी दरभाउपत्र साथ तपसिलमा उल्लेखित कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने छ। अन्यथा शिलबन्दी दरभाउपत्र मुल्यांकन सम्बन्धि कुनै पनि कारवाही गरिने छैन।
   **क.** आफु खरिद कारवाहीका लागि अयोग्य नभएको र कालो सुचीमा नपरेको सो-घोषणा पत्र।
   **ख.** औषधि उत्पादक कम्पनीहरुले खरिदकर्ताको नाममा जारि गरिएको सक्कल Manufacturers Authority Letter.
   **ग.** सप्लाई गरिने औषधि उत्पादक कम्पनीहरुको WHO-GMP सटिफिकेट।

४. शिलबन्दी दरभाउपत्र साथ धरौटी बापतको तपशिलमा उल्लेखित रकम यस नगरपालिकाको बाणिज्य बैंक गुलरिया शाखामा रहेको धरौटी खाता हिसाब **न ४१४०१००३०३००००२** मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्टिय बैंक बाट मान्यता प्राप्त नेपाल भित्र को कुनै पनि बैंक यस कार्यालयको पक्षमा जारि गरिएको शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा **१२० दिन म्याद** भएको सर्त रहित बैंक ग्यारेन्टी (बिड वन्ड) पेश गर्नु पर्ने छ।

५. शिलबन्दी दरभाउपत्र फारममा उल्लेखित परिमाण आवस्यक अनुसार थप घट गर्नुपरेमा शिलबन्दी दरभाउपत्र दाताले स्वीकार गर्नुपर्नेछ।

६. शिलबन्दी दरभाउपत्र फारम भर्दा ठेक्काका शर्तहरु पुर्णतह अध्यन गरि स्पष्ट संग भर्नुपर्नेछ।

७. शिलबन्दी दरभाउपत्र मुल्यांकन तथा स्वीकृतिको निर्णय न्युनतम मूल्य र बोलपत्रको प्राबिधिक पक्षका समेतका आधार मा गरिनेछ।

८. शिलबन्दी दरभाउपत्र फारममा मु.अ.कर बाहेकको दर रेट दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको लाइ मान्यता दिइनेछ केरमेट वा थपघट गर्नु पर्ने भएमा केरमेट वा थपघट गरिएको ठाउमा आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्ने छ। म्याद नाघी आएको वा रित नपुगी पर्न आएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

९. यस सूचनामा नपरेको अन्य कुराहरुको हकमा शिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात हरु,सार्बजानिक खरिद ऐन २०६३ र सार्बजानिक खरिद नियमावली २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ। साथै अन्य कुराहरु बुझ्न आवश्यक परेमा यस कार्यालयमा वा फो.न.०८४-४२०४५८ मा सम्पर्क गरि बुझ्न सकिने छ।

| सी.न | ठेक्का न. | काम को बिबरण | लागत अनुमान मु.अ.कर बाहेक | धरौटी बापतको रकम रु. | कै |
|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ (स्वास्थ्य शाखा) | औषधि तथा औषधि जन्य सामग्री खरिद कार्य | ११,४९,९८६/२० | ३०,०००।- | |

## विर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**विर्तामोड, झापा**
**१ नं प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०७८/१०/१० गते**

यस कार्यालयबाट मिति २०७८/०८/१७ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचनामा माग भए अनुसार तपशिल बमोजिमका ठेक्कामा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित, सारभुत रुपमा प्रभावग्राही रहेको बोलपत्र यस कार्यालयको मिति २०७८/१०/०९ गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा(२) प्रयोजनको लागि ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपशिलः-**

| सि.नं. | बोलपत्र विवरण | बोलपत्रदाता | कबोल रकम (कर सहित.अ.मु) | कैफियत |
|---|---|---|---|---|
| १ | BTMMUN/ROADS/NCB-16/078-79 | माँ माथिभरा निर्माण सेवा, कन्काई, झापा | ४०,६४,८५७.१०/- | न्युन मुल्याङ्कित कबोल रकम, सारभुत रुपमा प्रभावग्राही |
| २ | BTMMUN/ROADS/NCB-17/078-79 | जयलक्ष्मी निर्माण सेवा प्रा.लि., बिर्तामोड, झापा | २२,१०,९१५.८२/- | न्युन मुल्याङ्कित कबोल रकम, सारभुत रुपमा प्रभावग्राही |
| ३ | BTMMUN/ROADS/NCB-18/078-79 | जयलक्ष्मी निर्माण सेवा प्रा.लि., बिर्तामोड, झापा | १७,६६,४९२.१९/- | न्युन मुल्याङ्कित कबोल रकम, सारभुत रुपमा प्रभावग्राही |
| ४ | BTMMUN/ROADS/NCB-19/078-79 | सिंह निर्माण सेवा, बिर्तामोड, झापा | १४,२७,१०३.७५/- | न्युन मुल्याङ्कित कबोल रकम, सारभुत रुपमा प्रभावग्राही |

**प्रमुख प्रशासकीय अधिकृत**

## Chandannath Municipality
## Office of the Municipal Executive
**Khalanga Bazar, Jumla**
**Karnali Province**

### Notice for Opening of Financial Propsal

**Date of Publication: 2078/10/10**

This is to notify all the concerned bidders, who have submitted their bids in response to the notice published in Himalayan Times National Daily Newspaper dated 2078/03/01 for the Construction of Park at Dhimi Chaur, Jumla, Contract ID: CNM/PARK/ NCB/03/077/078, that the technical bids of the following bidders have been found qualified as per the detailed technical evaluation criteria set forth in the bidding document.

Financial proposals of all the technically qualified bidders will be opened on the day, time and venue as mentioned below. Persuant to Sub Clause 31(Nga)5 of Public Procurement Rule 2064, all the concerned bidders are informed to attend the opening of the financial proposals.

| Contract No. | Description of Works | Bidders Name | Technical Responsive/ Non-Responsive | Remarks |
|---|---|---|---|---|
| CNM/PARK/ NCB/03/ 077/078 | Construction of park at Dhimi Chaur, Jumla | Majdur Construction Pvt. Ltd. | Responsive | |
| | | Shivalaya- Bijayee J/V | Non-Responsive | |
| | | Rajbir-Mallarani-PP Joint Venture | Responsive | |
| | | T.D.R- Mangaldeep Joint Venture | Non-Responsive | |

All the qualified bidders in technical bids are therefore, notified to send their authorized representative for financial opening of bid on 31st Jan, 2022 at 13:00 hrs in the Chandannath Municipality, Office of the Municipal Executive, Jumla, Karnali Province.

**Chief Administrative Officer**


CMYK